# जडीबुटी उत्पादन तथा प्रशोधन कं.लि.
## कोटेश्वर, काठमाडौं

## स्थापना

देशमा छरिएर रहेका विभिन्न औषधियुक्त एवं सुगन्धित जडिवूटीहरू वैज्ञानिक पद्धतिवाट संकलन गरी गराई सो जडिवूटीहरू प्रशोधन गरी स्वदेशी उद्योगहरूलाई कच्चा पदार्थ उपलव्ध गराउने र विदेशी वजारमा निकाशी गरी रोजगारी श्रृजना गर्नुका साथै राजस्वमा टेवा पुर्‍याउने उद्देश्यले कंपनि ऐन २०२१ अन्तरगत यो कंपनि २०३८ सालमा स्थापना भएको हो ।

## स्थापनाको उद्देश्य

(क) देशभित्र उपलव्ध जडीबुटीको सदुपयोग गर्न यिनिहरूलाई प्रशोधन गर्ने र औषधियुक्त कच्चापदार्थ वनाउने ।
(ख) देशका विभिन्न आवहवामा उपयुक्त जडीबुटी बीज विरूवा तथा मरमसलाहरू उव्जनी गर्ने र प्रशोधन समेत गर्ने ।
(ग) औषधिको आवश्यकता पुरा गर्न देशका विद्यमान वनस्पतिका श्रोत परिचालन गर्ने ।
(घ) साधारण प्राविधिक शीपबाट जडीबुटीको खेती र प्रशोधनका कार्यहरू स्थानीयरूपमा गराई ती वस्तुहरू यस कम्पनीले खरिद गरी दिने ।
(ङ) पात, छाला, वोक्रा, फलफुल तथा जराहरू संकलन गर्ने विधिहरू जनतालाई वोध गराउने । जडीबुटीहरूको संरक्षण संवर्द्धन र सदुपयोगका सम्वन्धमा सम्वन्धित विभागहरू संग समन्वय राखि नेपाल सरकारले तोकेको निती निर्देशन वमोजिम गर्ने।
(च) कोरा जडीबुटीहरू तथा उव्जनी गरिएका विज विरूवाहरू कम्पनीले निर्धारित गरेको मूल्यमा खरिद विक्री गर्ने ।
(छ) स्वदेशी तथा विदेशी बजारको कच्चा तथा तयारी उत्पादनको मागलाई क्रमीकरूपले आपूर्ति गर्दै लैजाने ।
(ज) उच्चस्तरका जडीबुटीहरूको निकासी व्यापार गर्ने ।
(झ) कम्पनीका उत्पादनहरूको अनुसन्धान विकास तथा वजार प्रवर्द्धनका लागि अन्य स्वदेशी वा विदेशी संस्थाहरूसंग संयूक्त लगानीमा कार्य गर्ने ।
(ञ) आफ्ना कार्यक्षेत्र भित्रका अनुसन्धानात्मक र विकास सम्वन्धि कामहरू आवश्यकतानुसार उपयुक्त प्रकृयाद्धारा संचालन गर्ने गराउने ।

## शेयरहोल्डरहरूरलगानी

| | |
|---|---|
| श्री नेपाल सरकार | ८०.७३ प्रतिशत |
| श्री वन पैदावार विकास समिति | ३.३७ प्रतिशत |
| श्री नेपाल औषधि लिमिटेड | ३.३७ प्रतिशत |
| श्री कृषि विकास वैक | २.८९ प्रतिशत |
| जन साधारणको लागि | ९.६४ प्रतिशत |

उपरोक्त शेयरहोल्डरहरूवाट निम्नानुसारको पूंजी लगानी भएको छ ।

## पूंजीको वनोट

अधिकृत पूंजी : रू ५ करोड (रू.१,०००।०० प्रति साधारण शेयरका दरले ५०,००० साधारण शेयर)

जारी पूंजी : रू ३ करोड ८६ लाख (रू.१,०००।०० प्रति साधारण शेयरका दरले ३८,६०० साधारण शेयर)

चुक्ता पूंजी : रू. २ करोड ७५ लाख १७ हजार

कृण (एडिवी) : रू. ४ करोड ९३ लाख ४९ हजार व्याज ५ करोड ३० लाख ५१ हजार ४२० रूपैया जम्मा सवै व्याज समेत १० करोड २४ लाख ४२० रूपैया

कृण (नेपाल सरकार) रू. १ करोड १५ लाख ४५ हजार व्याज ११ लाख ८५ हजार २८६ रूपैया जम्मा १ करोड २७ लाख ३० हजार २८६ रूपैया गरी जम्मा हुन आउने ११ करोड ५१ लाख ३० हजार ७०६ रूपैया ।

उपरोक्त पूंजीको संचालनवाट केन्द्रिय कार्यालय, शाखा कार्यालयहरू र खेती विस्तार शाखाहरू संचालन भै रहेकाछन् ।

## सञ्चालक समिति:

(क) अध्यक्ष: वन तथा भू संरक्षण मन्त्रालय वा सो अन्तरगतको विभागवाट नियुक्त १

(ख) प्रतिनिधि सदस्य: अर्थ मन्त्रालयवाट नियुक्त १

(ग) विशेषज्ञ सदस्य: वन तथा भू संरक्षण मन्त्रालय वा सो अन्तरगतको विभागवाट नियुक्त सम्वन्धित विषयको विशेषज्ञ १

(घ) प्रतिनिधि सदस्य: शेयर होल्डर संस्थाहरूवाट प्रत्येक वर्षको लागि क्रमीक परिवर्तन हुने गरी १

(ङ) सदस्य सचिव : वन तथा भू संरक्षण मन्त्रालयवाट नियुक्त कम्पनीका महा प्रवन्धक १

## केन्द्रिय कार्यालय तथा शाखाहरू

**केन्द्रिय कार्यालय, काठमाडौ :**

- करिव १० रोपनी क्षेत्रफल ओगटेको यस केन्द्रिय कार्यालयमा विभिन्न जडिवूटीहरू प्रशोधन गर्न र सो प्रशोधित जडिवूटीहरूको सार एवं सुगन्धित तेलहरू विक्री वितरण गर्न कारखाना र प्रशासन भवन लगायत अन्य आवश्यक भवनहरू निर्माण गरिएकोछ ।
- यस केन्द्रिय कारखानामा जडित मेशिनहरूको प्रयोग गरी विभिन्न जडिवूटीहरूको सार तथा सुगन्धित तेलहरू उत्पादन गर्नुका साथै हर्वल केयर पनि उत्पादन गरिन्छ । तर केही वर्ष अघिदेखि संकलित जडिवूटीहरूको अभावका कारण कारखाना वन्द भएको छ ।
- यसै केन्द्रिय कार्यालयवाट संपूर्ण निर्यात व्यापार संचालन भै रहेकोछ ।

**शाखा कार्यालय, तामागढी, वारा**
:

- वारा जिल्लाको तामागढीमा अवस्थित यस शाखा कार्यालयले ५०० विघा जमीन ओगटेकोछ ।
- सो जमीनमा प्रशासनिक भवन लगायत दुई वटा कारखाना स्थापना गरिएकोछ ।
- वांकी जमीनमा विभिन्न सुगन्धित जडिवूटीहरू खेती गरिएकोछ । यस शाखामा खेती एवं प्रशोधन भई रहेका जडिवूटीहरू जस्तै मेन्था आरभेन्सीस, पामारोजा, सिट्रोनेला, लेमनग्रास, केमोमाइल, वेशील, आदि हुन।
- यस शाखाको उत्पादन क्षमता अभिवृद्धि गर्न आर्थिक वर्ष २०७४।७५ मा आधुनिक प्रविधियुक्त प्रशोधन मेसिनहरूको जडान गरि उत्पादन भई रहेको छ ।
- यस शाखावाट वार्षिक २० टन सुगन्धित तेलहरू उत्पादन गर्ने क्षमता रहेकोछ ।
- यसको अतिरिक्त कंपनिले विभिन्न खोटो संकलन केन्द्रहरूवाट संकलित खोटो पनि यसै शाखामा प्रशोधन गरिन्छ ।

**वेलवारी तथा तरहरा खेती विस्तार शाखा :**

- पूर्वान्चल विकास क्षेत्रको मोरंग तथा सुनसरी जिल्लाहरूमा अवस्थित वेलवारी तथा तरहरा फारमहरूले क्रमश ७० हेक्टर र २५ हेक्टर गरी जम्मा ९५ हेक्टर जमीन ओगटेकाछन्।
- यस क्षेत्रलाई खेती विस्तार कार्यक्रमको नामले स्थापना गरिएकोछ । खेती तथा उत्पादन क्षमतामा वृद्धि गर्न आर्थिक वर्ष क्षमता वृद्धि गर्न २०७६।७७ मा आधुनिध प्रशोधन संयन्त्रको थप जडान गरिएको छ ।
- यस क्षेत्रवाट निजी क्षेत्रका कृषकहरूलाई समेत समेटेर विभिन्न सुगन्धित जडिवूटीहरूको खेती एवं प्रशोधन गरि रहेकोछ ।
- यस क्षेत्रवाट उत्पादन हुने वस्तुहरूमा पामारोजा, सिट्रोनेला, लेमनग्रास, केमोमाइल र फ्रेन्चवेसिल जस्ता सुगन्धित तेलहरू हुन ।
- यस क्षेत्रमा हाल जडित संयन्त्रको आधारमा वार्षिक १० टन सुगन्धित तेल उत्पादन गर्ने क्षमता रहेकोछ । राष्ट्रिय योजना आयोगले लक्षित गरिवि न्यूनिकरणमा टेवा पुऱ्याउन

सामुदायिक वन उपभोक्ता समूहलाई समेत सहभागि गराई खेती विस्तार कार्यक्रम सन्चालन भैरहेको छ ।

**खेती विस्तार कार्यक्रम, टिकापुर**

- यस कार्यक्रमवाट मध्य र सुदूर पश्चिमान्चल क्षेत्रका जिल्लाहरूमा निजी कृषकहरूको सहभागितामा जडिवूटीहरूको खेती गर्दै आएकोछ ।
- यस कार्यक्रमवाट खेती विस्तार भएका क्षेत्रहरूमा महेन्द्रनगर, कैलाली, जिल्लाहरू हुन ।
- यस कार्यक्रमको थप प्रभावकारिताका लागि यसै आर्थिक वर्ष २०७४।७५ मा आधुनिक प्रविधियुक्त एक सेट प्रशोधन संयन्त्र थपिएको छ ।

<u>उत्पादनहरू</u>

यस कम्पनीवाट उत्पादन भै विक्री वितरण हुने मुख्य वस्तुहरू निम्नानुसार छन्।

---

## Essential oils and Extracts

### Essential Oils

Arrtemisia Oil
Anthopogon Oil
Camomile Oil
Calamus Oil
Citronella Oil
Eucalyptus oil
French basil Oil
Kachur Oil
Mentha arvensis Oil
Juniper berry Oil
Jatamansi Oil
Lemongrass Oil
Palmarosa Oil
Sugandha kokila Oil
Tamala Oil
Turpentine Oil
Wintergreen Oil
Xanthoxylum Oil

### Extracts

Amala (Emblica) extracts
Belladonna extracts
Chiraita extracts
Lichen extracts
Rosin
Taxus baccata resin

## Herbal Care Products based on essential oils

### Consumer products

| Oral and Massage | Inhale and Fragrance |
|---|---|
| Anti-leech Oil | Decongestant |
| Himalayan Massage Oil | Refreshing |
| Nepal Oil | Tension Reliever |
| SANCHO | |
| Shilajeet Paste | |

## संचालक समितिको गठन प्रकृया

यस कंपनिको प्रवन्धपत्र तथा नियमावली वमोजिम कंपनिको कार्य शुसंचालन गर्न निम्नानुसारको पदाधिकारीहरू रहने गरी संचालक समिति गठन गरिएकोछ ।

| | |
|---|---|
| अध्यक्ष : | श्री वन तथा भू संरक्षण मन्त्रालयको निर्णय वमोजिम |
| सदस्य : | श्री अर्थ मन्त्रालयको प्रतिनिधि |
| सदस्य : | श्री वनस्पति विभागको प्रतिनिधि |
| सदस्य : | संस्थापक शेयरहोल्डरहरू मध्येवाट प्रत्येक आ.ब.मा एक जना पालैपालो प्रतिनिधित्व हुने (तर पव्लिक शेयर होल्डर नभएको) |
| सदस्य सचिव : | वन तथा वातावरण मन्त्रालय वा सो अर्न्गतको विभागबाट नियुक्त हुने महाप्रवन्धक |